'समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०६/०७ बैठक संख्याः ३४

बैठक प्रारम्भ समयः बिहानको ७:०० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।

निर्णयहरु

१. नदीजन्य पदार्थको निकासीकर संकलनको लागि ठेक्का आह्वान गरिएको, उक्त कार्य नियमानुसारको प्रकृयाम नै रहेको तथा नदीजन्य पदार्थको उत्खनन् गर्ने समय समेत शुरु भएको हुँदा ठेक्का प्रकृयाबाट निकासीक संकलन गर्ने टुङ्गोमा नपुगेसम्म नगरकार्यपालिकाको कार्यालयबाट कर्मचारी खटाई नियमानुसारको निकासीकर संकलन सम्बन्धी कार्य अगाडी बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै व्यक्तिको निजी जग्गाबाट उत्खनन् गरिने साधारण निर्माण कार्यमा प्रयोग हुने ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गरी व्यवसायिक रुपमा बिक्रि गर्ने कार्यलाई नियमन गर्न वडा कार्यालयलाई जिम्मा दिने।

२. नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको लागि सार्वजनिक निजी साझेदारीमा कार्य गर्ने नगरकार्यपालिकाको बैठक निर्णयानुसार सार्वजनिक सूचना प्रकाशन गरी नियमानुसार प्रकृया पूरा गरेर श्री समृद्ध बहुउद्धेश्यीय सहकारी संस्था खाँदबारी -९ सँग सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन कार्यको लागि नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८०/०६/०१ गतेदेखि लागू हुने गरी गरिएको सम्झौता अनुमोदन गर्ने।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(फ)(३) मा उल्लेख भएको परम्परागत जात्रा तथा पर्वको सञ्चालन तथा व्यवस्थापन अनुसार मिति २०८०/०५/१५ गते हिलेजात्राको अवसरमा नगरक्षेत्रमा दिइएको सार्वजनिक बिदा अनुमोदन गर्ने।

४. अरुण भ्याल्ली रनिङ शिल्ड फुटबल प्रतियोगिता मिति २०८०/०७/२०-२४ सम्म सञ्चालन गर्न प्रस्ताव सहित पेश भई आएको हुँदा उक्त प्रतियोगिता सञ्चालनको लागि आवश्यक सहयोग गर्ने।

५. नजिकिदै गरेको चाडपर्वमा खाद्यान्न लगायतका बजारमा दैनिक उपभोग्य वस्तुको अभाव हुन नदिने तथा खाँदबारी नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७६ अनुसार नगरउपप्रमुखज्यूको संयोजकत्वमा बजार अनुगमन टोली परिचालन गरी बजार अनुगमन गर्ने।

६. गरिब घरपरिवार पहिचान तथा परिचयपत्र बितरण निर्देशिका, २०७५ बमोजिम स्थलगत रुपमा लगत संकलन गरी खाँदबारी नगरक्षेत्रभित्रको गरिब घरपरिवारको विवरण सहितको परिचयपत्र प्राप्त भइसकेको हुँदा उक्त परिचयपत्र सम्बन्धित व्यक्तिलाई वितरण गर्ने।

प्रमाणित

प्रमुख प्रशासकीय

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०६/०७ बैठक संख्याः ३४

बैठक प्रारम्भ समयः बिहानको ७:०० बजे बैठक समापन समयः बजे

७. खाँदबारी सभाहल निर्माण र खाँदबारी नगरपालिका वडा नं. ९ एयरपोर्ट टोलमा खेलमैदान निर्माणको लागि भारतीय राजदूतावास समक्ष प्रस्ताव पेश गर्ने ।

८. खाँदबारी नगरपालिका वडा नं. ९ मा औद्योगिक ग्राम स्थापनाको लागि जग्गा व्यवस्थापन सम्बन्धी कार्य अगाडी बढिसकेको हुँदा औद्योगिक ग्राम निर्माणको लागि IEE/ DPR को पूर्व तयारी गर्ने ।

९. नदीजन्य पदार्थ उत्खननको लागि उत्खनन्स्थलसम्म पुग्ने बाटो मर्मतसम्भार गरी सञ्चालन गर्ने ।

१०. योगमाया आयूर्वेद विश्वविद्यालयको फिल्ड कार्यालय खाँदबारी नगरपालिका वडा नं. ९ तुम्लिङटारमा रहेकोमा उक्त कार्यालय ढुङ्गेबिसौनास्थित साविक चन्द्रोदय आ.वि.को भवनमा सञ्चालनको लागि समन्वय गर्ने साथै योगमाया आयुर्वेद विश्वविद्यालय परिषद् गठन सम्बन्धी (दफा ७ (ठ) बमोजिम) खाँदबारी नगरपालिकाको तर्फबाट नगरप्रमुख श्री महेश थपलियाज्यूलाई मनोनयन गरी पठाउने ।

११. नगरपालिकाबाट कोटेशन मार्फत सम्पादन हुने योजना सम्बन्धी कार्यसञ्चालन गर्दा योजना कार्यान्वयन हुने सम्बन्धित वडाको समन्वयमा सञ्चालन गर्ने र योजनाको फरफारक तथा अन्तिम भुक्तानी सम्बन्धित वडाको सिफारिसमा गर्ने ।

१२. खाँदबारी नगरपालिका एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७६ र मेशीनरी उपकरण सञ्चालनका लागि आवश्यक व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ लाई व्यवस्थित र समयसापेक्ष संशोधन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

१३. खाँदबारी नगरपालिका, ३ नं. वडा कार्यालय भवन उद्घाटनको लागि वडा समितिबाट निर्णय भई आएपछि २०८० असोज महिनाभित्र उद्घाटन गर्ने तथा भवन उद्घाटन हुन बाँकी रहेका वडा कार्यालय भवनहरु समेत चाडै उद्घाटन गरी सञ्चालन गर्ने ।

१४. पशुहरुमा लाग्ने लम्पी स्कीन रोग नियन्त्रणको लागि विगतमा डोर हाजिरी अनुसार कामकाज लगाइएका पशु प्राविधिक कर्मचारीहरुलाई उक्त रोग पूर्ण रुपमा नियन्त्रणमा आईनसकेको हुँदा यस आ.व. मा समेत आर्थिक व्यवस्थापन गरी निरन्तरता दिने ।

१५. हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा अपायक भई स्वास्थ्य सेवा उपभोगमा असहज भएको खाँदबारी नगरपालिका वडा नं. २ को चेवाचारबर, खाँदबारी नगरपालिका वडा नं. ६ को तल्लो पांठा र खाँदबारी नगरपालिका वडा नं. १० को नागेश्वरीमा शहरी स्वास्थ्य इकाई स्थापनाको लागि आवश्यक प्रकृया अगाडी बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

प्रमाणित

प्रमुख प्रशासकीय

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०६/०७ बैठक संख्याः ३४

बैठक प्रारम्भ समयः विहानको ७:०० बजे बैठक समापन समयः बजे

१६. खाँदबारी नगरपालिका मानेभञ्ज्याङदेखि वडा नं. ११ को खर्तुवासम्म बससेवा सञ्चालनको मोटरबाटो मर्मत गर्न नगरपालिकाको मर्मतसम्भार कोषबाट रु. एक लाखसम्म खर्च गर्ने गरी लागत अनुमान स्वीकृत गरी कार्यान्वयन गर्ने ।

१७. हाल महामारीको रुपमा फैलिएको डेंगु रोग नियन्त्रणको सङ्खुवासभा जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय तथा नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरी सचेतनामूलक कार्य अगाडी बढाउने ।

१८. नगरपालिकाको वडा कार्यालयहरु जोड्ने मोटरबाटो लगायतका यस नगरपालिकाबाट अर्को पालिका जोड्ने मोटरबाटो दशैँ अगावै मर्मतसम्भार गरी सञ्चालन गर्ने ।

१९. आ.व. २०८०/८१ को लागि विनियोजन भएका योजना तथा कार्यक्रमहरु त्रैमासिक विभाजन गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने ।

२०. निम्नानुसार निवेदकहरुलाई तपसिलमा उल्लेख भएबमोजिम आर्थिक सहायता प्रदान गर्ने ।

निम्नः

| सि.नं. | नामथर | ठेगाना | रकम रु. | समस्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | हेमराज गुरुङ | खाँदबारी - ४ | १०,०००।- | विपद् | आर्थिक सहायता |
| २ | कविता राई (लवहाङ राईको श्रीमती) | खाँदबारी - ८ | १५,०००।- | सुत्केरी | आर्थिक सहायता |
| ३ | तारा श्रेष्ठ | खाँदबारी - ११ | १०,०००।- | | आर्थिक सहायता |
| ४ | इन्द्रबहादुर खम्बु | खाँदबारी - ८ | १०, ०००।- | उपचार | आर्थिक सहायता |

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्मल कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत